१०६३।६८५

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३७६/२०७१/०७२

निर्णय नं.६८५

वाल्मीकि विद्यापीठ काठमाडौं बस्ने नारायणप्रसाद तिम्सिना ..........................................१ निवेदक

विरूद्ध

प्राचार्य, वाल्मीकि विद्यापीठ ..........................................................................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

वाल्मीकि विद्यापीठ काठमाडौं बस्ने नारायणप्रसाद तिम्सिनाले वाल्मीकि विद्यापिठ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।१० मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०८।२३ च.नं. ४६७ को पत्रद्वारा वाल्मीकि विद्यापीठलाई सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्बन्धमा उक्त वाल्मीकि विद्यापीठले मिति २०७२।०९।०७, च.नं. ७५ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगमा प्रेषित गरिएकोमा निज नारायण प्रसाद तिम्सिनाले आयोगबाट ती सूचनाहरुको छाँयाप्रति प्राप्त गरी मिसिलको लगत कट्टा गरिदिन समेत अनुरोध गरेकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।